म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४९ सोमबार १४ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 29 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अवैध गाँजासहित युवक पक्राउ

हेटौंडा, १३ साउन/मकवानपुर प्रहरीले लागूऔषधसहित शनिबार बेलुका एक युवकलाई पक्राउ गरेको छ । प्रहरीले जिल्लाको मनहरी गाउँपालिका-९, जैसिडबाट करिब ७० किलोग्राम लागूऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-३ लावती बस्ने १९ वर्षीय साजन प्रजा रहेका छन् । उनलाई इलाका प्रहरी कार्यालय ज्यामिरे नेवारपानीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । प्रहरीका अनुसार, बोरामा लुकाई छिपाई ल्याउँदै गरेको उक्त परिमाणको गाँजा बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको छ ।

# मन्त्री नियुक्त भएर सपथ लिन नपाएका तामाङ

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ बागमती प्रदेशका नेपाली कांग्रेस सांसद प्रभात तामाङ गुटको शिकार बने । गुटको शिकार बन्दा प्रदेशकै विकट जिल्ला रसुवाका प्रतिनिधि तामाङले मन्त्री नियुक्ती पाएर पनि सपथ लिन भने पाएनन् ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले १० साउनमा मन्त्रिपरिषद् विस्तार गर्दै तामाङलाई आर्थिक मामिला तथा योजना मन्त्रीमा नियुक्त गरेका थिए । कांग्रेसबाट तामाङसहित सुरजचन्द्र लामिछाने, मीनकृष्ण महर्जन र बिमल ठकुरी एकै पटक नियुक्त भए तर त्यस दिन सपथ लिन पाएनन् ।

सुरजचन्द्रलाई आन्तरिक मामिला तथा कानुन, मीनकृष्णलाई युवा तथा खेलकुद र बिमललाई संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको थियो । नवनियुक्त चारै जनाको ५ बजेलाई प्रदेश प्रमुख कार्यालय हेटौंडामा सपथ कार्यक्रम तय गरिएको थियो । सपथका लागि आमन्त्रण गरिएका अतिथिहरु सबै कार्यक्रम स्थलमा उपस्थित भइसकेका थिए ।

लामाले नयाँ मन्त्री नियुक्ती सँगै अघिल्लो दिन अर्थात ९ साउनमा विना विभागीय मन्त्रीको सपथ लिएका मदुकुमार श्रेष्ठलाई जिम्मेवारी नतोकी कुन्दन राज काफ्लेलाई सामाजिक विकास मन्त्रालय र श्यामबहादुर खड्कालाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी पनि दिए । तर, काफ्लेले त्यसमा चित्त बुझाएनन् र आर्थिक मामिला तथा योजना मन्त्रालय नै पाउनुपर्ने माग मुख्यमन्त्री लामासँग राखे ।

'प्रदेश प्रमुख कार्यालयमै आएर उहाँ (काफ्ले)ले आर्थिक मामिला चाहिने भन्दै माथिल्लो तलामा रहनु भएका प्रदेश प्रमुख



यादवचन्द्र शर्मालाई सपथ कार्यक्रम नगराउन आग्रह गर्नुभयो ।,' त्यस बेला प्रदेश प्रमुख कार्यालयमा रहेका मुख्यमन्त्री निकट स्रोतले भन्यो । कांग्रेस भित्रको विवादपछि त्यस दिनको सपथ रोकिन पुग्यो । त्यस दिन सपथ रोकिएसँगै मन्त्री नियुक्ती भइसकेका तामाङले एउटा महत्वपूर्ण अबसर गुमाउनु परेको छ ।

'म यसअघि पाँच वर्ष प्रदेशमै रहेर समग्र प्रदेशको आर्थिक अवस्थालाई नजिकबाट नियालेकाले आर्थिक मामिला मन्त्री हुन खोजेको थिएँ । नियुक्ती भएर पनि पछि हटाइएको सत्य हो । यसमा पार्टीको निर्णय गलत वा सही थियो भन्ने विषयमा म थप प्रतिक्रिया दिन चाहन्न ।,' तामाङले भने ।

२०७४ सालमा र सुवाबाटै निर्वाचित प्रदेश सभा सदस्य तामाङले प्रदेशसभाको अर्थ तथा विकास समितिमा २ वर्ष र सार्वजनिक लेखा समितिमा ३ वर्ष रहेर काम गरिसकेका छन् । तामाङ प्रदेशसभाको अघिल्लो कार्यकालमा कांग्रेस संसदीलय दलको प्रवक्ताको जिम्मेवारीमा दिए । हाल उनी नेपाली कांग्रेस बागमती प्रदेश कमिटी र कार्यसम्पादन समितिको पनि सदस्य छन् ।

पाँच वर्ष अर्थ सम्बन्धी समितिमै रहेर काम गरेकाले प्रदेशलाई आर्थिक रुपले कसरी सक्षम र बलियो बनाउन सकिन्छ भनेर आफूले जान्ने मौका पाएको उनले बताए । 'यही पाँच वर्षको मेरो अनुभवलाई आर्थिक मामिला मन्त्रालयमा गएर काम गर्न चाहेको हो । प्रदेशको सानो करको दायरालाई बढाउनु पर्छ र नयाँ करको स्रोतको खोजी गर्नुपर्छ भन्ने लागेको थियो ।,' उनले सुनाए ।

'जुन विषयलाई मैले नजिकबाट नियालेको छु त्यसै विषयगत मन्त्रालयमा जान चाहन्थेँ । मैले सोच र इच्छा बागमतीलाई आर्थिक रुपमा कसरी चुस्तदुरुस्त बनाउने, थप आर्थिक स्रोतहरुको खोजी गरेर कसरी प्रदेशलाई बलियो भन्नेमा थियो ।,' उनी भन्छन्, 'आर्थिक मामिलामन्त्री बन्नु भएका कुन्दनराज काफ्ले पनि योग्य व्यक्ति हुनुहुन्छ । हाम्रै साथी जानु भएको छ । मलाई त्यस्तो केही छैन् ।',

आर्थिक मामिला मन्त्रालय पछाडि हटाएर खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय लिन मुख्यमन्त्रीले आग्रह गरेकोमा आफूले अस्वीकार गरेको तामाङको भनाई छ । मुख्यमन्त्री लामाले १२ साउन शनिवार तामाङलाई आर्थिक मामिलाबाट हटाएर काफ्लेलाई जिम्मेवारी दिँदै सामाजिक विकास मन्त्रीमा हरिप्रभा खड्गीलाई नियुक्त गरे । सोही दिन थप चार जना मन्त्रीको सपथ भयो ।

कांग्रेसमा देखिँदो गुट थोरै भए पनि नेता पिच्छेका समूहको भागबण्डामा मन्त्री बाँडफाँड हुँदै आएको कुरा लुकेको छैन । बागमती प्रदेशमा पार्टीको केन्द्रीय गुट मात्र हैन, प्रदेशस्तरको गुटसमेत हावी हुँदा मुख्यमन्त्री लामालाई आफ्नै दलबाट मन्त्री नियुक्ति गर्न हम्मेहम्मे पऱ्यो । कसलाई मन्त्री बनाउने, कसलाई कुन जिम्मेवारी दिने ? भन्ने उनको निर्णय विवादमा पऱ्यो ।

९ साउनमा आफूसँगै एकै पटक १३ जना मन्त्रीलाई सपथ खुवाएर मन्त्रिपरिषद्लाई पूर्णता दिनुपर्ने सत्ता साझेदार दल नेकपा एमालेसँगको सहमति मुख्यमन्त्री लामाले पूरा गर्न सकेनन् । उनले आफूसँगै एमालेका ६ जनालाई मन्त्रालयको जिम्मेवारीसहित र आफ्नै दल कांग्रेसबाट ३ जनालाई विना विभागीय मन्त्रीको सपथ गराएका थिए ।

लामाले मुख्यमन्त्री कार्यालयसहित १३ मन्त्रालयका लागि १४ जना मन्त्री बनाए । मन्त्रालय संख्या घटाएर खर्च कटौती गर्नुपर्ने आवात उठिरहेका बेला उनले मन्त्री बढाएका हुन् । जसमा एमालेले असहमति राखेको थियो । हाल एमालेले मन्त्री मदुकुमार श्रेष्ठलाई मुख्यमन्त्री कार्यालयमै राख्ने गरी सहमति जनाएको दलका नेता जगन्नाथ थपलियाले जानकारी दिए । 'उहाँलाई मुख्यमन्त्री कार्यालयमै राख्ने गरी सहमति भएको छ । मन्त्रालय फुटाउने कुरामा हामी सहमत हुँदैनौं ।,' थपलियाले भने ।

# पार्टी छोडेकाहरु मकवानपुर माओवादीमै फर्किए

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ विगतमा माओवादी केन्द्र छोडेर अन्य दलमा पुगेकासहित नयाँ कार्यकर्ताहरुको पार्टी प्रवेश कार्यक्रम पार्टी मुख्यालय पेरिसडाँडामा भयो ।

पेरिसडाँडाबाट माओवादी अध्यक्ष पुष्कमल दाहाल प्रचण्डले मकवानपुरका नेता, कार्यकर्तालाई पार्टीमा फर्काएका हुन् । नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका दल परित्याग गरी मकवानपुर जिल्लाका ६० जनाभन्दा बढी नेता/कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरेको दाबी माओवादी केन्द्र मकवानपुरले गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी सचिवालय सदस्य भुवन खनाल, राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुर क्षेत्र नम्बर १ उपसभापति जगदिश दाहाल, व्यवसायी विनोद न्यौपानेलगायत प्रवेश गरेका छन् ।

खनाललगायतका नेताहरु विगतमा माओवादी केन्द्रकै नेता थिए । उद्धव देवकोटा, विकास श्रेष्ठ, राजु माझी, सुभाष लामिछाने र राजकुमार तामाङ, भीमप्रसाद विश्वकर्मा, किशोर श्रेष्ठ, विश्व गौतम र रोहित रिजाललगायतले माओवादी रोजेका छन् ।



कार्यक्रममा पार्टी उपाध्यक्ष एवं बागमती प्रदेश इन्चार्ज अग्निप्रसाद सापकोटा, पार्टी केन्द्रीय नेता कुमारी मोक्तान, रमेश मल्ल, विजय गौतम, प्रल्हाद लामिछाने, पार्टी प्रदेश उपाध्यक्ष प्रेमबहादुर पुलामी, पार्टी जिल्ला संयोजक भीम पाखिन, पार्टी जिल्ला सचिव बीरबहादुर घलान, पार्टी प्रदेश सचिवालय सदस्यहरु सर्केश घलान, ललित घलान, शुभरत्न गोले, प्रदेश सदस्यहरु बिबेक राई, लक्ष्मी माझी, रेखा पुलामी, सागर अर्याल र सम्पर्क समन्वय समितिका नेताहरु लगायतका नेताहरुको उपस्थिति थियो ।

पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आगामी निर्वाचनमा एक्लै चुनाव लडेर जित्ने उद्देश्यका साथ अघि बढ्ने बताए । प्रचण्डले आगामी दिनमा पार्टीलाई रुपान्तरण सहित गतिशील बनाउँदै ८४ को निर्वाचनमा एक्लै चुनाव लडेर जित्ने उद्देश्यका साथ पार्टीमा छलफल चलिरहेको बताएका हुन् । उनले आफू नेतृत्वको सरकारले सुशासन, सामाजिक न्याय र आर्थिक विकासको बाटोमा काम गरिरहँदा सुशासनको डरमा भ्रष्टहरु मिलेर आफू नेतृत्वको सरकारलाई ढालेको उल्लेख गरे ।




# मकवानपुरका १५ जनामा डेंगु पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ मकवानपुरमा जिल्लामा १५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जिल्लामा साउन १ गतेदेखि आज दिउँसोसम्म १५ जनामा डेंगु संक्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जनस्वास्थ्य कार्यालयका अनुसार, डेंगु संक्रमण पुष्टि हुनेमा ६ जना महिला र ९ जना पुरुष रहेका छन् । सो अवधिमा जिल्लाको हेटौंडा उपमहानगरपालिकामा तीन पुरुष र ९ महिला गरी १२ जना, मकवानपुर गढी गाउँपालिकाका दुई जना र बकैया गाउँपालिकाका एक जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

सो अवधिमा डेंगु संक्रमणका कारण कुनै पनि व्यक्तिको निधन नभएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्धारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# रक्तदान जीवनदान

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्व-इच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने विकल्प रक्तदान नै हो । नेपालमा २००० सालदेखि रक्तदान कार्यको सुरुवात भएको इतिहास छ । समाजेवी दयावीरसिंह कंसाकार नेपालका पहिलो रक्तदाता हुन् । नेपालमा बर्सेनि करिब तीनलाख युनिट रगत चाहिन्छ तर, जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । बाढी, पहिरो र भूकम्पको समस्या तथा अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अप्रेसन पनि पहिलेको तुलनामा बढेकाले र गतको माग आकाशिएको पाइन्छ ।

विज्ञानले धेरै प्रगति गरेता पनि कृत्रिम तरिकाले रगत बनाउने सूत्र फेला पारेका छैनन् । ब्लड बैंकहरुले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरुले पनि रक्तदान नगर्ने प्रवृतिले गर्दा देशमा रगतको चरम संकट परेको छ । रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबडीसँगै कार्वनडाइअक्साइड, युरियाजस्ता विकार ओसार-पोसार गर्छ । रगतको रातो रक्तकणले अक्सिजन तथा कार्वनडाइअक्साइड यताउति गर्न, श्वेत रक्तकणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने काम गर्छ । 'रक्तदान जीवनदान, रक्तदान महादान' यी स्लोगन हामीले बारम्बार सुन्ने गरेका छौं । रक्तदानका लागि प्रेरित गर्न यी वाक्यांशले धेरै भूमिका पनि खेलेका होलान् । तर, रक्तदान गर्नु अघि केही कुरामा ध्यान पुऱ्याउनुपर्छ । स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तिमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेय तथा एचआईभी एड्स नलागेका व्यक्ति रक्तदान गर्न सक्षम हुन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन ।

अधिक रक्तश्रावका बिरामी, प्रसुति, मुटु-मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ । थालासेमिया, ल्यूकेमियालगायतको रक्त क्यान्सर, हेमोफिलिया लगायतको रक्त क्यान्सर, हेमोफिलिया र रक्त अल्पताजस्ता समस्यामा तारन्तार रगत चाहिरहन्छ । यस्तोमा हामो एक सहयोगले यस्ता कयौं मानिसको अमूल्य जीवन बच्छ । कतिपयले रक्तदान गर्दा कमजोर भइन्छ भन्ने ठान्छन् तर, वास्तविकता के हो भने पुरुषको शरीरलाई प्रतिकेजी ७६ एमएल र महिलाको शीररमा प्रतिकेजी ६६ एमएल रगत हुन्छ । तर, शरीर सञ्चालनका लागि चाहिने आवश्यक रगत ५० एमएल मात्रै हो । त्यसकारण पुरुष र महिलाको शरीरमा प्रतिकेजी क्रमश २६ र १६ एमएलका दरले रगत बढी हुन्छ । यही बढी भएको रगतमात्रै दान गर्ने हो । शरीरमा बढी भएको रगत दान गर्दा आफूलाई हानि नगर्ने र अर्कोको ज्यान बचाउन सकिने हुँदा यो अभियानमा सबैजना लाग्नु पर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १५ गते मंगलबार ३० जुलाई २०२४ । दशमी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२७, सूर्यास्त ६:५२ । खीर खाने दिन ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामको उचित प्रतिफल पाइनेछ | तुला | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| वृष | : धन आर्जन हुनेछ | वृश्चिक | : अधुरा योजना पूरा हुने देखिन्छ |
| मिथुन | : काम बन्नाले उत्साह जाग्नेछ | धनु | : भाग्योदयको समय रहनेछ |
| कर्कट | : दोहोरो लाभ मिल्नेछ | मकर | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| सिंह | : श्रमबाट प्रशस्त लाभ हुनेछ | कुम्भ | : काममा उत्साह बढ्नेछ |
| कन्या | : पारिवारिक समस्या आउनसक्छ | मीन | : प्रेमको बन्धन कसिनेछ |

# वास्तविक सुकुम्बासीको हितमा अदालतको आदेश



✍बालकृष्ण मैनाली

एकातिर यता केही दिनदेखि काठमाडौंका जनजन काठमाडौं महानगरपालिकाका सम्बन्धित २२, २३ र २४ वडाहरु र स्वयं काठमाडौं महानगरपालिकासमेत तनावग्रस्त देखिएको छ भने अर्कोतिर सुकुम्बासीको रुपमा दर्ज भएका वास्तविक, अवास्तविक दुवै धारका सुकुम्बासीहरु पनि तनावग्रस्तरुपमा आफ्नो दिनचर्या गुजारिरहेका छन् । कुनै पनि व्यक्ति रहरले सुकुम्बासी बन्दैन, यो ध्रुवसत्य हो । बाध्यता, परिस्थिति जस्तै- लडाइँ, दैवीप्रकोप लगायत अन्य विभिन्न कारणमार्फत आफ्नो घर, जग्गा गुमाउनुपरेको कारणले सृजना हुने अवस्था हो । सुकुम्बासीको समस्यालाई यदि राज्यले समयमै सम्बोधन गर्न सकेन भने यसले विकराल समस्या निम्त्याउँछ नै, यसमा कसैको विमति छैँदै छैन । हाम्रो देशमा पनि सुकुम्बासी समस्याले घर गरेको छ । यसका साना-ठूला झिल्काहरु बेलाबेलामा देखिँदै आएका छन् ।

राजनीतिक स्वार्थ गाँसिएको कारण बेलाबेलामा झडपसमेत भइरहेका दृश्यहरु देखा परिरहेका छन् । वास्तविक सुकुम्बासीको नाम भजाएर हुकुम्बासीहरुले सरकारी जग्गा कब्जा गरिदिँदा वास्तविक सुकुम्बासीहरुको समस्या समाधानमा सदैव अवरोध भइरहेको देखिन्छ । बागमती किनारामा रहेका सुकुम्बासी जो भए पनि हटाउने भन्ने उद्देश्यले काठमाडौं महानगर पालिका अगाडि बढ्न खोज्दा बेलाबेलामा झडप हुन पुगेको छ । झडपमा महानगरपालिकाका कर्मचारीलगायत सुकुम्बासीहरुसमेत घाइते हुन पुगेका थिए । खुकुरी हातमा लिएर माछौं वा मछौं भन्ने आशयका साथ महानगरका कर्मचारीहरुमाथि जाइलागेका फोटोहरु त्यति बेला सामाजिक सञ्जालहरुमा छ्यापछ्याप्ती देखिएका थिए ।

एउटा कुरामा के विमति छैन भने, सुकुम्बासीका नाउँमा जो-जति देशभरिका जग्गाहरुमा बसोबास गरिरहेका छन् वा जग्गा ओगटिएका छन्, ती जग्गा सरकारका हुन् । ती जग्गामा वास्तविक अर्थमा सुकुम्बासी भएका सुकुम्बासीहरु पनि छन् र हुकुम्बासीको नाउँमा जग्गा हत्याएर विनाकागजपत्र किनबेच गर्दै आएका अवास्तविक सुकुम्बासीहरु पनि छन् । यो कुरालाई सरकारले पनि बुझेको छ । दलीय नेतृत्वहरु र दलका कार्यकर्ताहरुसमेत सबैले यो कुरा बुझेका छन् । यो भर्खरै निस्केको समस्या हुँदै होइन । गहिरोरुपमा सुकुम्बासीको विषयलाई लिएर समस्यामाथि समस्या थपिँदै गइरहेको तीन दशकभन्दा अगाडिदेखि नै हो । यो आलेखकर्ता केटाकेटी हुँदा बगरका बगर सबै खाली थिए । एक्लैदुक्लै हिँड्न डरमर्दो थियो । जति बेला यी बगरहरुलाई मान्छेले आफ्नो कब्जामा लिन थाले, त्यति बेलै सजग भएर तत्कालीन सरकारले आवश्यक पाइला चालेको भए न आजको समस्या निम्तिन्थ्यो, न त यसले आजको जस्तो उग्ररुप लिन्थ्यो ।

दलीय नेतृत्वले समयमै चासो नलिँदा र आफ्ना गुट वा पक्षधरका व्यक्तिहरुलाई बढावा दिँदा आजको अवस्था आएको हो भन्न हिचकिचाउनु पर्दैन । अझै पनि सबै पक्षको सहमति लिएर वास्तविक सुकुम्बासी पहिचान गरी तिनीहरुलाई व्यवस्थापन गर्न एक-आपसमा काँधमा काँध मिलाई अगाडि बढ्नुपर्नेमा भोटको राजनीतिलाई नै प्रश्रय प्रदान गरी नेपाली-नेपालीबीच द्वन्द्व गराइराख्ने कार्यलाई निरन्तरता प्रदान गरिरहने प्रयत्न गरिएको छ । यदि यो कुरालाई अन्यथा मान्ने हो भने विगतदेखि वर्तमानसम्म गठन भएका र गरिएका सुकुम्बासी आयोगहरुले समस्या समाधानमा केचाहिँ योगदान दिए त भन्ने प्रश्नलाई नाजायज प्रश्न भनेर किमार्थ भन्न मिल्दैन ।

यदि यस समस्यालाई निवारण गर्ने नै हो भने ढिला नगरीकन सबै दलहरुको सहमतिमा एउटा अधिकार सम्पन्न स्वतन्त्र आयोगको गठन गरिनै पर्दछ । त्यसलाई वास्तविक सुकुम्बासी र वास्तविक हुकुम्बासी पहिचान गराउने कार्यमा सबै दलले सहयोग गर्नै पर्दछ । दलीय गुटका कारण कुनै पनि दलले हुकुम्बासीलाई सुकुम्बासीको दर्जा प्रदान गरिनुहुँदैन । जबसम्म नि:स्वार्थरुपमा यी कार्य सम्पन्न हुँदैनन्, तबसम्म सुकुम्बासी समस्या समाधानको दिशातिर अग्रसर हुँदै हुँदैन ।

भर्खरै अदालतले सुकुम्बासीको हित र सरकारी जग्गाको संरक्षण गर्ने सवालमा महत्वपूर्ण आदेश जारी गरेको छ । यो अवस्थालाई सबै सरोकारवालाहरु मिलेर सम्बोधन गरेमा सरकारी जग्गाको संरक्षण र सक्कली वा वास्तविक सुकुम्बासीले बास पाउने कुरामा सन्देह देखिँदैन । काठमाडौं महानगरका मेयरले यो कुरालाई सम्बोधन गर्न प्रयत्न गर्नेछन् भन्ने जनजनमा आशा पलाएको छ तर सामान्य विकासको कार्यमा राजनीति कुण्ठाग्रस्त भएर चाहिँदो नचाहिँदो हस्तक्षेपमा लागिपर्ने संस्कार बोकिरहेको वर्तमान राजनीतिक परिदृश्यलाई नियाल्दा देखिएको सुकुम्बासी समस्या त्यति सहजरुपमा पार लागिहाल्छ भन्ने कुरामा जनजनले तत्काल विश्वास गरिहालेका छैनन्, सँगसँगै आशा पनि मारेका छैनन् ।

**नागरिक सरकारको आवश्यकता** :

जनहितका लागि संसारमा विभिन्न खाले राजनीतिक धारहरु प्रयोग गर्ने गरिन्छ । नौलो धार प्रयोग गरेर आफ्नो राजनीतिलाई उचाइमा पुऱ्याउनु इमानदार राजनीतिज्ञहरुको कर्म पनि मानिन्छ । फरक-फरक खाले नयाँ र नौलो राजनीति प्रयोगको माध्यमबाट संसारका कतिपय देशहरुले आफ्नै किसिमले प्रगति गरिरहेका छन् । हाम्रो देशको सन्दर्भमा राजनीति गर्नको लागि जुन-जुन सिद्धान्तलाई अँगाले पनि वा जुन-जुन नामकरण गरेर न्वारान गरे पनि वा गराए पनि राम्रा सिद्धान्तहरुलाई व्यावहारिक रुपमा उतार्ने जमर्को कहिल्यै हुन सकेन ।

देश प्रगतिको पथमा लम्कियोस् भन्ने चाहना राख्ने प्रत्येक नेपाली जनमा सदैव यो वा त्यो नामको कुठाराघातको तरबारले प्रहार गरि रहने काम भइरह्यो । प्रत्येक पाँच-पाँच वर्षमा हुने निर्वाचनले अब त देश प्रगतिको मार्गमा लम्केला भन्यो, अब त समस्यालाई चिर्ला कि भन्यो, अब त भ्रष्टाचार अन्त्य होला कि भन्यो, अन्त्यमा गएर हात्ती आयो हात्ती आयो फुस्सा भन्ने उखान चरितार्थ हुनुबाहेक अन्य प्रगतिले बामेसम्म पनि सर्न सकेन । सदैव राम्रा फलहरुको आश गरिरहेका प्रत्येक जनजनलाई यो वा त्यो नामको भाषणे भ्रम खडा गरी पुन: त्यही पुरानै चक्रव्यूहमा लगेर भात न भान्सा बनाउन पुराना दल त लागिपर्थे पर्थे तर नयाँ भनेर उदाएका दलसमेत यस्ता कार्यहरुमा मुछिन पुगेका छन्, जुन धेरै दु:ख लाग्दो विषय बन्न पुगेको छ ।

खास योग्यता र क्षमता भएको विशिष्ट व्यक्तित्व राष्ट्रपति वा प्रधानमन्त्रीमा चयन गरिनुपर्ने कुराले आजको दिनसम्म प्राथमिकता प्राप्त गर्न सकेन । जसको कारण सदैव अबको राष्ट्रपति को वा अबको प्रधानमन्त्री को भन्ने अथवा कतिऔं पटक प्रधानमन्त्री बन्ने भन्ने लाजमर्दो प्रतिस्पर्धाको माध्यमबाट विश्व कीर्तिमान राख्ने होडबाजीमा नै देशको राजनीति तल्लीन हुन पुग्यो । देशमा केही महिनाको अन्तरालमै प्रधानमन्त्रीसँगसँगै सरकार परिवर्तन भइरहनु सामान्य विषय बनिसकेको छ ।

नचाहिँदो किसिमको राजनीतिक द्वन्द्वले प्रश्रय पाइरहेको कारणले एक-आपसमा सानु मात्र स्वार्थ बाझिनासाथ अथवा एकले अर्कोलाई गरिने आफ्नो स्वार्थ वा गुटमा सामान्य मात्र असर पर्नासाथ एक-अर्कामा हिलो छ्यापाछ्यापको शृंखला शुरु हुन कुनै समय कुर्नुपर्दैन । आफ्नो स्वार्थमा धक्का लाग्नासाथ आफ्नो भागको राजनीतिक अपुताली खोज्न राजनीतिक अंशियारहरु तँछाडमछाड गर्न कुनै समय र साइत कुर्नुपर्दैन ।

छ्यालीस सालमा भएको जनआन्दोलनमा भर्खर आमाको गर्भबाट निस्केका शिशूहरु अहिले पैंतीस-बत्तीस वर्षका युवा भइसकेका छन् । राणा, पञ्चायत, बहुदलीय व्यवस्था र राजतन्त्रविरुद्ध भएका आन्दोलनमा त्यति बेलाका युवा वर्तमानका नेतृत्वहरु जो वृद्धवृद्धाहरुमा परिणत भइसकेका छन् उनीहरुले साथ दिएकोमा विमति देखिँदैन । हामीले हाम्रो जमानामा राजनीतिक परिवर्तनको लागि योगदान दिएका छौं भन्ने कुरा पटकैपिच्छे आफ्नो भाषणमा सुनाउन उनीहरु कहिल्यै पछाडि पर्दैनन् तर अब हामी पुस्ता हस्तान्तरण गरी विश्राम लिन्छौं र आवश्यक परेको अवस्थामा सही सल्लाह र मार्गदर्शन गर्छौं भनेर उच्चारण समेत गर्न चाहँदैनन् ।

पछिल्लो दुईपटक भइसकेको निर्वाचनमा नवयुवाहरुले कडा हस्तक्षेपको प्रयास गरेको भए तापनि उनीहरु सफल हुन सकेनन् । उनीहरुलाई भ्रममा राख्न खप्पिस बुढ्यौली राजनीतिक अंशियारहरुले सत्ता आफ्नो हातमा लिनको निमित्त जनलक्षित तथा युवालक्षित कार्यक्रमहरु ल्याउँछौं भन्दै भ्रम छर्न सफल भए । जबकि कुनै पनि राजनीतिक दलका अंशियारहरुले वितरण गरेको घोषणापत्रमा केही पनि नयाँपन देखिएको थिएन, पुरानै घोषणापत्रहरुलाई कपी पेस्ट मात्र गरिएको थियो । यो कुरा जानकारी हुँदा पनि सम्बन्धित दलका युवाहरु एकैठाँउमा आएर यस्ता कार्यहरुको विरोध गर्न सकेनन् । जुनसुकै नामधारी दलका राजनीतिक अंशियारहरुले सत्ता सञ्चालन गरे पनि सत्तामा हुन्जेलसम्म विकासै विकास र परिवर्तनै परिवर्तन देख्ने, आफू सत्तामा नपुगेको बेला विनाशै विनाश देख्ने रोगले निरन्तरता पाइरहने कुरामा कतै विमति देखिँदैन र यसको शुरुवातको संकेत पनि देखिइसकेको छ ।

वास्तवमै यो वा त्यो नामबाट भ्रष्टाचारमा चुर्लुम्म डुबेको दलीय सरकारभन्दा नागरिक सरकारको गठन नै उपयुक्त थियो । नागरिक सरकार गठन हुँदैमा दलीय अधिकार संकुचित हुँदै हुँदैन । नागरिक सरकार गठन भयो भने दलीय अधिकार संकुचित हुन पुग्छ भन्ने हल्ला चालाउनुको कारण आफू सत्तामा हालिमुहाली गर्न पाइन्न भन्ने नै हो । वास्तवमा नागरिक सरकारको गठनको प्रतिबद्धता व्यक्त गर्दै गएको निर्वाचनमा इमानदार जनजनहरु खडा हुन सक्नुपर्थ्यो । साथै मतदाताहरुले पनि इमानदार व्यक्तित्वहरुलाई खोजी-खोजी नागरिक उम्मेदवार बनाउनुपर्थ्यो । त्यस्ता उम्मेदवारहरुलाई सहयोग पुग्ने गरी मतदान हुनुपर्थ्यो । गएको निर्वाचनमा त्यो कार्य हुन सकेन । अब आउने चौरासीको निर्वाचनमा अहिल्यैदेखि नै यो विषयलाई गम्भीर रुपमा सोची तयारी गर्दै जान सक्नुपर्छ । देशमा परिवर्तन ल्याउन सक्ने युवा उम्मेदवारहरुलाई विजयी बनाएर सत्ताको साँचो सुम्पन सकियो भने सुकुम्बासी समस्या समाधान गर्न सक्नुका साथै भविष्यमा देशले परिवर्तनको अनुभूति गर्ने अवसर प्राप्त गर्दथ्यो भन्ने जनजनको बुझाइ रहेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# थप संकटको कारण बन्न सक्छ कांग्रेस-एमाले गठजोड

✍सरोज गौतम र दिव्येस गिरी

नेपालको राजनीति जहिल्यै अस्थिर र अनिश्चित छ । कुन समय दलहरूले रातविरात के सहमति गर्छन् र त्यसको भारी के बोक्नुपर्छ भन्ने कुरा पार्टीका नेता कार्यकर्ता त परको कुरा भयो, पदाधिकारी या मध्यम तहका सांसदहरूलाई समेत थाहा पत्तो हुँदैन । हिजोसम्म जसलाई गाली गरेर युट्युबमा हिट भयो, भोलिपल्टै त्यसलाई सत्ता सुम्पेको बधाई दिन पुग्नुपर्छ ।

केही हप्ता अगाडि कांग्रेसका बोलक्कड महामन्त्री मानिने विश्वप्रकाश शर्माले सरकारलाई प्रश्न गर्ने समयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा एमाले बीचको गठबन्धनको आलोचना गर्दै ती दुई दल मिलेर एकअर्काको गलत काममा सहायता गरेको भन्दै 'सहकारी बन्धु गठबन्धन' नाम दिएका थिए । यो बोलेको क्लिप अहिले पनि डिजिटल मिडियामा रेकर्डेड छ । तर अरूलाई 'सहकारी बन्धु' घोषणा गरेको हप्ता दिन नपुग्दै, उनकै दलले गिरिबन्धुमा प्रश्न उठाएको दल र त्यस सम्बद्ध केपी शर्मा ओलीलाई विश्वासको मत दिएर सत्ता साझेदार गर्नुपर्ने ठाउँमा पुग्यो । केही दिन अगाडि अर्का महामन्त्री गगन थापाले आफ्नो पार्टी ०८४ सम्म प्रतिपक्षमा बस्ने भन्ने सार्वजनिक उद्घोष गरेका थिए । भावी सभापतिको दाबेदार रहेका थापाले ४/५ दिन पछि आफ्नो पार्टी प्रतिपक्षबाट सीधै सत्तापक्षमा जान्छ भन्ने जान्दाजान्दै जनतालाई गलत कुरा सम्प्रेषण गरे या उनको पार्टीले सत्तामा आउन गरेको पहलबारे उनी जानकार थिएनन्, यो उनलाई नै थाहा हुने कुरा भयो ।

गगन थापाले संसद्मा रास्वपालाई स्वार्थको द्वन्द्वको विषयमा प्रश्न उठाएका थिए, अब आफ्नै दलका सांसदलाई स्वार्थको द्वन्द्व प्रस्टै देखिने गरी ऊर्जा मन्त्रीको जिम्मेवारी दिएका छन् । अब उनलाई अन्य दलहरूले प्रश्न उठाउँदा त्यसको रक्षा गर्नुपर्नेछ । यसले नेपाली राजनीतिको अस्थिरता र निराशा झल्काउँछ । हिजो सहकारी ठगी गर्ने र गिरिबन्धु बीचको गठबन्धन भन्नेहरू आज सँगै हुँदा विश्वप्रकाश शर्माको मुखबाट आफ्नै गृहमन्त्रीलाई प्रश्न सोध्ने हैसियत हुन्छ कि उनी चुपचाप बस्छन्?

विशेषत: पछिल्लो समयमा नेपाली कांग्रेस र नेकपा एमाले बीचको गठबन्धनले जनमानसमा अनेक प्रश्नहरू उठाएको छ । दुई भिन्न इतिहास र वैचारिक धरातल भएका पार्टीहरू अहिले पनि विद्यालय व्यवस्थापन समितिदेखि वडा, जिल्ला या प्रदेशमा जुन मुख्य प्रतिस्पर्धी दलहरू छन् । अचानक तिनीहरूको मिलन हुँदा अचम्म लाग्नु स्वाभाविक हो ।

यस लेखमा हामी यो गठबन्धनले लोकतन्त्र, प्रतिपक्षको भूमिका र नीतिनिर्माणमा कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा चर्चा गर्नेछौं । यो दलीय सौदाबाजीको प्रभाव केवल तत्काल सरकारको लागि मात्र नभई समग्र लोकतान्त्रिक प्रणालीको लागि पनि गम्भीर चुनौती हुन सक्छ । विभिन्न राष्ट्रिय सङ्कट तथा एउटा देशमाथि अर्को शक्तिशाली देशले आक्रमण गरेको समयमा सबै मिलेर चुनौती सामना गर्नुपर्ने समयमा वार क्याबिनेट बन्ने तथा त्यसले काम गर्ने कुरा स्वाभाविक हो । तर सामान्य अवस्थामा मुख्य प्रतिस्पर्धी मानिने दलहरू मिलेर गरिने राजनीतिक सौदाबाजीले तत्काललाई फाइदा गरेजस्तो देखिए पनि दीर्घकालको लागि राम्रो नजिर स्थापित गर्दैन । समाजमा आउने विभिन्न एजेन्डादेखि सरकारले लिने नीतिका बारेमा स्वस्थ बहस गर्नुपर्ने भिन्न-भिन्न राजनीतिक शक्ति केही स्वार्थको लागि मिलेर सरकार चलाउँछौं भन्दा त्यसले स्वस्थ लोकतन्त्रमा अप्ठ्यारो पैदा गर्न सक्छ । यो गठबन्धनले अल्पकालीन स्थिरता ल्याउने वाचा गरे तापनि यसले दीर्घकालीन अस्थिरता र जनतामा निराशा उत्पन्न गर्न सक्ने खतरा छ ।

**अन्तर्राष्ट्रिय अनुभव**

विभिन्न देशहरूको उदाहरण हेर्दा, यस्ता अस्वाभाविक गठबन्धनहरूले दीर्घकालीन राजनीतिक अस्थिरता निम्त्याएको पाइन्छ । जर्मनीमा २०१३-२०१७ बीच क्रिश्चियन डेमोक्र्याटिक युनियन र सोसियल डेमोक्र्याटिक पार्टी बीच गठबन्धन बनेको थियो । उक्त गठबन्धनले कमजोर प्रतिपक्ष र मतदातामा निराशा निम्त्याउने बाहेक केही गर्न सकेन । यस्तै उदाहरण इटालीमा २०१३ मा डेमोक्र्याटिक पार्टी र पिपुल अफ फ्रिडम बीचको गठबन्धन बन्यो, तर त्यसले तारन्तारको सरकारको काममाथि अवरोध तथा पार्टीहरूमा आन्तरिक विवादहरू ल्यायो, जसले दीर्घकालीन हिसाबले राजनीतिक सुसंगति बनाउन सकेन ।

यस्तै ग्रिसमा २०१२ मा न्यु डेमोक्रेसी र पासोक बीच गठबन्धन बनेको थियो । हुनत आर्थिक सङ्कट गहिरो भएको समयमा राष्ट्रिय सहमति बनाउने उद्देश्य भन्दै उक्त गठबन्धन गरिएको थियो, तर त्यसले त्यहाँ अर्को अतिवादको उदय गरायो । अस्ट्रियामा २०१७-२०१९ बीच अष्ट्रियन पिपुल्स पार्टी र फ्रिडम पार्टी अफ अस्ट्रिया बीच भएको गठबन्धनले राजनीतिक ध्रुवीकरण मात्र निम्त्याएन, अचम्म लाग्ने नयाँ-नयाँ स्क्यान्डलहरू निम्त्यायो । बेल्जियममा २०१०-२०११ बीच न्यु फ्लेमिश एलाइन्स र सोसियलिस्ट पार्टी बीचको गठबन्धनले क्षेत्रीय तनावलाई बढाउने काम तीव्र रूपमा अगाडि बढायो । यी सबै उदाहरणहरू सामान्य समयमा मुख्य ठूला दलहरू बीच गठबन्धन गर्दा त्यसले निम्त्याउने सम्भावित लक्षणहरूको राम्रो उदाहरण हुन् । यस्ता गठबन्धन निर्माण गर्दा तत्कालको केही कृत्रिम समस्याहरू या सङ्कटहरू खडा गरिएको हुन्छ । त्यस्तो गठबन्धनले केही फाइदाजनक पक्षहरू देखाएर पुष्टि गर्न खोजिएको छ । अल्पकालीन स्थिरता ल्याउन गठबन्धनले मद्दत पुऱ्याएको दाबी गरिएको भए पनि यसले प्रतिपक्षको भूमिकालाई कमजोर बनाएको छ, जसले सरकारलाई 'चेक एन्ड ब्यालेन्स' गर्न कठिन बनाएको छ ।

**कमजोर प्रतिपक्षले निम्त्याउने संकट**

बहुदलीय लोकतन्त्र फैलने भनेको फरक-फरक विचार र तिनलाई प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिबीचको बहस र प्रतिस्पर्धाले लोकतन्त्रलाई बलियो बनाउनु हो । तर, अहिले देखिएको अप्राकृतिक गठबन्धनले दलहरू बीचको वैचारिक भिन्नतालाई कमजोर बनाउँदै गएको छ । जनताले राजनीतिक प्रक्रियामा सहभागिता र आफ्नो मतको महत्वलाई महत्त्व दिन्छन् । तर, दुई ठूला दलहरू बीचको सौदाबाजीले जनताको विश्वासमा कमी ल्याउन सक्छ, जसले लोकतन्त्रको आधारभूत मर्मलाई हानि पुऱ्याउँछ । दुई फरक विचारधाराका दलहरू बीचको सहमति कायम राख्न कठिनाइ हुन सक्छ ।

यसले नीतिगत निर्णयहरूमा ढिलाइ ल्याउन सक्छ र सरकारको कार्यक्षमता प्रभावित हुन सक्छ । फरक विचारधाराहरूको मेलमिलापमा नीतिगत मुद्दाहरूमा सहमति कायम राख्न कठिन हुन्छ । यसले नीति निर्माण प्रक्रियामा अवरोध उत्पन्न गर्न सक्छ र सरकारका कामहरूमा ढिलाइ ल्याउँछ । यसका साथै, फरक-फरक दृष्टिकोणका कारण निर्णय प्रक्रियामा विवादहरू उत्पन्न हुने सम्भावना रहन्छ, जसले सरकारको प्रभावकारिता र कार्यक्षमतामा प्रतिकूल असर पार्न सक्छ । विभिन्न लोकतान्त्रिक देशहरूको लामो अनुभव हेर्ने हो भने, कम्तीमा ३० देखि ४०-४५ प्रतिशत लोकप्रिय मत ल्याएको दलले सत्ता सम्हाल्दा, प्रतिपक्षी भूमिका पनि उस्तै हाराहारीको दलले सम्हाल्नुपर्छ । कम्तीमा ३० प्रतिशत हाराहारी लोकप्रिय मत ल्याएको दलले प्रतिपक्षको आवाज उठाउँदा, त्यसले सही तरिकाले प्रतिपक्ष आवाजलाई अगाडि लैजान्छ भन्ने विश्वास गरिन्छ । तर, हाम्रोमा अहिले दुई मुख्य दलहरू सत्ता साझेदार बनेका छन् जसको परिणामस्वरूप लगभग ११ प्रतिशत पपुलर मत ल्याएको दललाई प्रमुख प्रतिपक्षीको भूमिकामा पुऱ्याएको छ । आफैं अरू गठबन्धनको भर परेर त्यतिको मत आर्जन गरेको दल प्रमुख प्रतिपक्ष दलको रूपमा प्रतिपक्षको कुर्सीमा बस्दा, त्यसले जनताको आवाजलाई सही तरिकाले प्रभावित गर्न सक्दैन, जुन सक्षम लोकतन्त्रको लागि हानिकारक कुरा हो । यस्तो कमजोर प्रतिपक्ष र अत्यधिक बलियो सरकारको उदाहरणले सरकारको क्रिटिकल आवाजलाई बन्द गर्न सक्छ, जसले लोकतन्त्रलाई सङ्कटमा पार्न सक्छ ।

राजनीतिक स्थिरताको दृष्टिकोणले केही सकारात्मक रूपमा हेरिए पनि, यो गठबन्धनले लोकतन्त्रको मर्ममाथि प्रहार गर्ने विभिन्न सम्भावना देखाएको छ । केही वर्षअघि, जुन पात्रले आफ्नै दल नेकपाको सरकारको दुई तिहाइ बहुमत हुँदा पार्टीको आन्तरिक व्यवस्थापन गर्न नसकी असंवैधानिक तवरले संसद् विघटन गरेका थिए, तिनै पात्रलाई बोकेर संसद्को सबैभन्दा ठूलो दल कांग्रेसले गर्व बोध गर्नु क्षणिक आत्मरति मात्रै हो । यसले यी दुई दलका मतदाताहरूलाई यी दल बीचको भिन्नता छ भन्ने भ्रमलाई तोडिदिन्छ । साथै, यसले विशेषगरी प्रतिपक्षलाई कमजोर बनाउँछ, जब दुई ठूला दलहरू सत्ताको सौदाबाजीमा जुट्छन्, प्रतिपक्षको प्रभाव कम हुन्छ । यसले सरकारलाई गलत निर्णय लिनबाट रोक्न र चेक एन्ड ब्यालेन्स कायम राख्न कठिनाइ ल्याउँछ । प्रतिपक्षको कमजोर भूमिकाले सरकारलाई उत्तरदायी बनाउन र जनताको आवाजलाई सशक्त रूपमा प्रस्तुत हुनबाट रोक्छ ।

**संविधान संशोधनको जिकिर**

दुई दलहरू बीच सहमति हुँदा संविधान संशोधन गर्ने चर्चा भइरहेको छ । तथापि, अहिलेको अस्थिरताको दावा गरेर यी दलहरूले संविधान संशोधन गर्ने तर्क गरिरहेका छन्, तर यो काम यिनै दलहरूबाट सम्भव छैन । कार्यपालिकाको अस्थिरताको कारण पूर्ण बहुमत नआउने कुरा गरिएको छ, तर प्रत्यक्ष निर्वाचित कार्यकारीमा यी दुवै दलहरू जान तयार छैनन् । प्रदेशको अस्थिरताको बीजारोपण पनि यिनै दलहरूबाट भएको हो । एकै समयमा संघ र प्रदेशको चुनाव गर्ने र संघमा सत्ता समीकरण बदलिंदा प्रदेशमा पनि त्यसको प्रत्यक्ष असर पर्दा जनताले प्रदेश भनेको छुट्टै राजनीतिक इकाइको रूपमा महसुस नै गर्न सकिरहेका छैनन् । जब माथि गठबन्धन फेरिन्छ, प्रदेशमा पनि गठबन्धन फेर्ने गलत अभ्यासलाई यिनै दलहरूले मलजल गरिरहेका छन् । कम्तीमा प्रदेश स्थिरताको लागि मुख्यमन्त्री सीधै जनताबाट निर्वाचित हुनुपर्ने व्यवस्था गर्नुपर्छ, तर अहिलेसम्म यी दलहरू यसको पक्षमा छैनन् ।

*(साभार: अनलाइनखबर)*

# २० वर्षपछि टुंगियो गोविन्दराज जोशीविरुद्धको भ्रष्टाचार मुद्दा

काठमाडौं/पूर्वमन्त्री गोविन्दराज जोशी सर्वोच्च अदालतबाट समेत भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । न्यायाधीशहरू विनोद शर्मा र बालकृष्ण ढकालको इजलासले स्रोत नखुलेको सम्पत्ति जोडेर भ्रष्टाचार गरेकोमा तत्कालीन कांग्रेस नेता जोशीलाई दोषी ठहर गर्दै ९ महिना कैद र ६९ लाख १५ हजार जरिवाना फैसला सुनाएको हो ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारमुद्दा दायर गरेको साढे २० वर्षपछि जोशी विरुद्धको भ्रष्टाचार मुद्दा टुंगिएको हो । अब उनले तत्काल कैद सजाय भोग्नुपर्नेछ । भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार, सार्वजनिक पुगेका व्यक्तिले आफ्नो वैधानिक आम्दानीको तुलनामा अस्वभाविक रुपमा सम्पत्ति आर्जन गर्नु भ्रष्टाचार हो । त्यस्ता व्यक्तिमाथि अनुसन्धानका क्रममा आम्दानीको तुलनामा बढी सम्पत्ति भेटिएमा अख्तियारले गैर कानूनी सम्पत्ति आर्जन गरेको भनी भ्रष्टाचार मुद्दा दायर गर्न पाउछ । त्यही प्रक्रिया अनुसार जोशीमाथि दुई दशकअघि भ्रष्टाचारमुद्दा मुद्दा चलेको हो ।

भ्रष्टाचारको आरोपमा दोषी ठहर गर्ने विशेष अदालतको फैसला सदर गरेपनि सर्वोच्च अदालतले पूर्वमन्त्री जोशीको केही कैद र जरिवाना भने घटाइदिएको छ । उनलाई विशेष अदालतले डेढ वर्ष कैद सजाय सुनाएकोमा सर्वोच्च अदालतले आधा घटाएर ९ महिनामात्रै कैद सजाय सुनाएको हो ।

२ करोड १६ लाख १४ हजार ३७६ रुपैंया जरिवाना हुने विशेष अदालतको फैसला उल्ट्याउदै सर्वोच्च अदालतले ६९ लाख १५ हजार रुपैंया मात्रै जरिवाना गर्ने फैसला गरेको हो । सर्वोच्चले जोशीसँगै प्रतिवादी बनाइएका ताराराज पाण्डे र बासुदेव पन्तलाई सफाइ दिएको छ ।

**विधेयक अघि बढाए, उनैलाई मुद्दा**

रोचक मान्नुपर्छ, गृहमन्त्री भएका बेला जोशीले २०५९ सालमा प्रतिनिधिसभामा भ्रष्टाचार नियन्त्रण ऐनको संशोधन विधेयक पेश गरेका थिए । विधेयकमा सार्वजनिक पदमा रहेकाहरुले अस्वभाविक जीवनस्तर अपनाएको देखिएमा अख्तियारले छानविन गर्नसक्ने र सम्पत्तिको स्रोत खोल्न नसकेमा भ्रष्टाचार मुद्दा दायर हुने उल्लेख थियो । जोशीले नै प्रतिनिधिसभामा पेश गरेर पारित भएको ऐनको प्रावधानले उनैलाई त्यही मुद्दा सामना गर्नुपर्ने अवस्थामा पुऱ्यायो । लोकतन्त्र र यसको सुन्दर पक्षको उदाहरण दिदा जोशीको यो प्रसंगलाई कैयौ राजनीतिज्ञहरुले उल्लेख गर्ने गरेका छन् ।

२०५८ सालमा सर्वोच्चका न्यायाधीश भैरवप्रसाद लम्सालको नेतृत्वमा बनेको सम्पत्ति जाँचबुझ आयोग गठन भएको थियो । आयोगले सार्वजनिक पदमा बसिसकेका ३० जना नेता, ६ जना प्रशासक/पूर्वप्रशासक अनि ४ जना प्रहरीका उच्च अधिकारीहरुमाथि विस्तृत अनुसन्धान गर्नुपर्ने भनी प्रतिवेदन दिएको थियो । लम्साल प्रतिवेदन अनुसार, २५ वैशाख २०६० मा ती ४० जना व्यक्तिको सम्पत्ति छानविनका लागि अख्तियारले अनुसन्धान अधिकृत नियुक्त गऱ्यो । अख्तियारले त्यतिबेला प्रेमराज कार्की, कुमार चुडाल, फणिन्द्र गौतम, चेतनाथ घिमिरे लगायत आठ जनालाई अनुसन्धान अधिकृत तोकेको थियो ।

त्यसबेला आठ जनामध्येका अनुसन्धान अधिकृत प्रेमराज कार्कीको भागमा पूर्व-प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, ओमकार श्रेष्ठ, ढुंण्डीराज शास्त्री, गोविन्दराज जोशी, प्रदीपशम्सेर जवरालगायतका व्यक्तिको सम्पत्ति छानबिनको जिम्मेवारी परेको थियो ।

**के थियो आरोप ?**

अख्तियारले २०६० सालमा विशेष अदालतमा पेश गरेको आरोपत्रमा तत्कालिन मन्त्री जोशीको अस्वभाविक जीवनस्तरमाथि नै प्रश्न उठाइएको थियो । २०५० सालसम्म नगन्य आर्थिक हैसियत भएका जोशी मन्त्री भएपछि अस्वभाविक सम्पत्ति आर्जन गरेको उसको दावी थियो । २०४८ सालपछिको एक दशकसम्म ७ पटक मन्त्री बनेका जोशीले जावलाखेलमा घरजग्गा जोडेको आरोप थियो । उनले तनहुँमा पुरानै घर ५ लाखमा मर्मत गरेको जिकिर गरेका थिए । त्यतिबेला विशेष अदालतले भने पुरानो मर्मत गरेको नभई नयाँ घर निर्माण गरेको देखिएको फैसला गरेको थियो ।

उनले आफ्नो घर भाडामा लगाएको र त्यहाँबाट भाडा आउने जिकिर गरेका थिए । घडेरी रहेको जग्गामा समेत खेतीपाती हुने भएकाले त्यहाँबाट आम्दानी हुने जिकिर गरेका थिए । विशेष अदालतले दुवै दावी अस्वीकार गरेको थियो । जोशीले आफूले विभिन्न किताब लेखेको र त्यसबापत ३० लाख कमाएको जिकिर गरेका थिए । विवाहित छोरीले जागिर गरेको र त्यसको तलब पनि आफूलाई दिने गरेकाले आफूसँग भएको सम्पत्ति धेरै देखिएको दावी गरेका थिए ।

**दुई दशक पुरानो मुद्दा**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १८ पुस, २०६० सालमा पूर्वमन्त्री जोशी विरुद्ध गैरकानूनी सम्पत्ति आर्जन गरेको आरोपमा भ्रष्टाचारमुद्दा दायर गरेको थियो ।अख्तियारले त्यतिबेला उनीमाथि ३ करोड ९३ लाख ६२ हजार ५७६ रुपैंया भ्रष्टाचार गरेको आरोप लगाएको थियो ।

पूर्वमन्त्री जोशीको गैरकानूनी सम्पत्ति लुकाएको आरोपमा अख्तियारले पत्नी सविता पन्त, उनकी दिदी चोलाकुमारी पन्त, सासु नीरकुमारी, साला बासुदेव पन्त, अनि बासुदेवका कान्छा ससुरा ताराराज पाण्डेलाई समेत मुद्दा चलाएको थियो । हदम्याद नाघेपछि अनुसन्धान टुंग्याएको भन्दै विशेष अदालतले ३० कार्तिक २०६३ मा जोशीलाई सफाइ दियो । अध्यक्ष भूपध्वज अधिकारी अनि सदस्यहरु चोलेन्द्रशम्सेर जबरा र कोमलनाथ शर्माको इजलासले हदम्यादको कारण देखाई दर्जनौं मुद्दा खारेज गर्दा जोशीले पनि सफाइ पाएका थिए ।

त्यो निर्णयविरुद्ध अख्तियार सर्वोच्च अदालतमा गयो । सर्वोच्च अदालतले हदम्यादका कारण आरोपपत्र खारेज गर्ने विशेष अदालतको फैसला उल्ट्यायो । अनि मुद्दा फेरि हेर्नु भनी विशेष अदालतलाई आदेश दियो । उनीविरुद्धको उजुरी अनुसन्धान गर्ने सरकारी वकिल प्रेमराज कार्की विशेष अदालतको अध्यक्ष समेत भएर अवकाश समेत पाइसकेका छन् ।

कतिपय मुद्दामा अनुसन्धान शुरु गरेपछि मुद्दा दायर गर्ने समयसीमा हुन्छ, जसलाई हदम्याद भनिन्छ । हदम्याद नाघेर दायर भएको मुद्दाको औचित्य हुदैन । त्यतिबेला विशेष अदालतको दावीमा, जोशी विरुद्धको मुद्दाको हदम्याद गुज्रिइसकेको थियो ।

**सर्वोच्चको आदेश, 'फेरि हेर्नू'**

विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको दावीसहित अख्तियारले १५ असोज २०६४ मा सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गऱ्यो । सर्वोच्च अदालतले २४ पुस, २०६८ मा उक्त मुद्दामाथि सुनुवाई गर्दै हदम्यादका कारण आरोपपत्र नै खारेज गर्ने विशेष अदालतको फैसला त्रुटीपूर्ण रहेको ठहर गऱ्यो । उसले विशेष अदालतको फैसला खारेज गरेर फेरी मुद्दाको प्रारम्भिक सुनुवाई गर्न आदेश दियो ।

सर्वोच्चको आदेश अनुसार, ६ बैशाख, २०६९ मा जोशीविरुद्ध त्यही मुद्दा दोस्रो पटक दर्ता भयो । विशेष अदालतले दोस्रोपटकको सुनुवाइमा जोशीलाई भ्रष्टाचारी ठहर गर्दै उनका नातेदारको नाममा रहेको सम्पत्ति समेत जफत हुने आदेश गऱ्यो ।

अध्यक्ष गौरीबहादुर कार्की, सदस्यहरु ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको इजलासले १० साउन, २०६९ मा जोशीलाई भ्रष्टाचारको आरोपमा दोषी ठहर गऱ्यो । जोशीले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ठहरसहित २ करोड १६ लाख १४ हजार ३७६ रुपैंया जफत र त्यति नै रकम जरिवाना हुने फैसला भयो । विशेष अदालतले उनीमाथि डेढ वर्षको कैद सजाय हुने फैसला समेत भयो । विशेषको फैसला विरुद्ध जोशी र उनका नातेदारले फागुन, २०६९ मा सर्वोच्चमा पुनरावेदन दिए । अख्तियार पनि उनलाई थप सजाय र विगो ठहर हुनुपर्ने भनी सर्वोच्च अदालत गयो । यो मुद्दा सर्वोच्च अदालतमा पुगेकै ११ वर्ष बितिसकेको थियो ।

**एउटा चिठीका लागि पाच वर्ष**

गोविन्दराज जोशीका कानून व्यवसायीहरुले विभिन्न आधार र तर्क पेश गरेर एकपछि अर्को कागजात मगाउन इजलासको ध्यानाकर्षण गराए, जसका कारण जोशीको मुद्दा लामो समय लम्बिएको देखिन्छ । सर्वोच्चले २९ भदौ २०७१ मा अनुसन्धान हुँदाको कागजात झिकाउने आदेश दियो । अख्तियारमा २५ वैशाख २०६० मा जोशीमाथि अनुसन्धान गर्ने निर्णय भएको थियो । त्यहीसम्बन्धी सक्कल मिसिल वा रजिष्टर पठाउन भनी सर्वोचचले अख्तियारलाई आदेश दियो ।

अख्तियारले 'उक्त मुद्दाको अभिलेख मिसिल अध्ययन गरी हेर्दा सो निर्णय कागजातहरु सो मिसिलमा नभेटिएको' भनी जवाफ पठायो । सर्वोच्चले २०७३ सालमा फेरि त्यस्तै आदेश गऱ्यो । करिब ७ वर्षको अवधिमा मुद्दा ३५ पटक पेशीमा चढेर सरिसकेको थियो ।

पटक-पटक सर्वोच्चको आदेशपछि अख्तियारले कागजात खोज्न छानबिन समिति नै बनायो । समितिले समेत कागजात नभेटिएको भनी प्रतिवेदन बनायो र सर्वोच्च अदालतमा पेश भयो । त्यसपछि २३ साउन, २०७६ मा मात्रै सर्वोच्च अदालत मुद्दाको विषयवस्तुमा प्रवेश गऱ्यो । विशेष अदालतदेखि सर्वोच्चसम्म जोशीका कानून व्यवसायीहरुले 'गोविन्दराज जोशी कमण्डलु लिएर काठमाण्डौं आएका होइनन्' भनी दिएको तर्क त्यतिबेला निकै चर्चामा थियो ।

'शिक्षक, वकालत, सांसद, मन्त्री, किताव लेखन, पैतृक सम्पत्ति लगायत श्रोतबाट सम्पत्ति भएका मान्छे हुन् । सात पटक मन्त्री भएका व्यक्तिको काठमाडौंमा एउटा घर छैन' जोशीका कानून व्यवसायीको जिकिर थियो, 'गोविन्दराजको राजनीतिक हत्या गर्न ग्राण्ड डिजाइन स्वरुप यो मुद्दा लगाइएको छ । राजनीतिको फोहरी खेलमा यस्तो मुद्दा लागिरहन्छ ।'

**फेरि खेतीपातीको विवाद**

भ्रष्टाचारको आरोप लागेकाहरुले आफ्नो सम्पत्तिलाई बैध देखाउन पुर्ख्यौली जमिनमा प्रशस्त खेतीपाती हुने र त्यहीबाट भएको आर्जनले सम्पत्ति जोडेको भनी दावी गर्छन् । गैरकानूनी सम्पत्तिआर्जनको भ्रष्टाचार मुद्दामा बारम्बार 'कृषि आय'को विवाद हुने गरेको छ ।

त्यतिबेला सर्वोच्च अदालतमा नेपाल आयल नियमका पूर्वमहाप्रवन्धक युवराज शर्मा विरुद्ध पनि गैरकानूनी सम्पत्ति आर्जनको भ्रष्टाचारमुद्दा चलिरहेको थियो । त्यो मुद्दामा शर्माका कानून व्यवसायीहरुले कृषि आय (खेतीपातीबाट हुने आम्दानी)को विषयमा विवाद गरे, संयुक्त इजलासले त्यो मुद्दा तीन सदस्यीय पूर्ण इजलासमा पठाइदियो ।

युवराज शर्माको मुद्दाको कृषि आयको विवाद पूर्ण इजलासमा पुगेको र त्यहाँबाट विवाद निरुपण भएपछि मात्रै आफ्नो मुद्दा अघि बढाउन उचित हुने भनी गोविन्दराज जोशीले सर्वोच्च अदालतमा इजलासको ध्यानाकर्षण गराए ।

सर्वोच्च अदालतले १७ कार्तिक २०७६ मा युवराज शर्माको मुद्दा फैसला भएपछि मात्रै जोशीको मुद्दा अघि बढाउनु भनी आदेश गरेको थियो । आदेशपछि जोशीको मुद्दाको सुनुवाई अनिश्चितकालका लागि रोकिएको थियो ।

२८ असार, २०७९ मा सर्वोच्च अदालतले युवराज शर्माको भ्रष्टाचारमुद्दा टुंग्यायो । तर करिव दुई वर्षसम्म त्यसको पूर्णपाठ सार्वजनिक भएको थिएन । गत वैशाखको अन्तिम साता शर्माको फैसलाको पूर्णपाठ सार्वजनिक भएपछि मात्रै जोशीको मुद्दाको सुनुवाइ अघि बढेको हो ।

**अबको विकल्प, कैद**

थुनामा रहेको अवस्था बाहेक बाहिर बसेर मुद्दा लड्ने सुविधा पाएका आरोपितहरु दोषी ठहर भएपनि उनीहरुमाथिको कैद र जरिवाना तत्काल कार्यान्वयन हुँदैन । अन्तिम अदालतबाट मुद्दा टुंगिएपछि मात्रै कैद र जरिवानाको कार्यान्वयन गरिन्छ ।

जोशीलाई विशेष अदालतले दोषी ठहर गरेपनि उनी र अख्तियार दुवै पक्ष सर्वोच्च अदालत गएकाले फैसला कार्यान्वयन भएको थिएन । सर्वोच्च अदालतले मुद्दा टुंग्याएकाले पूर्णपाठ सार्वजनिक भएलगत्तै तत्काल फैसला कार्यान्वयन हुन्छ ।

जयप्रकाशप्रसाद गुप्ता भ्रष्टाचार मुद्दामा दोषी ठहर हुँदा उनी बहालवाला सञ्चारमन्त्री समेत थिए । फैसला भएकै दिन उनलाई प्रहरीले गाडीमा हालेर डिल्लीबजार कारागारमा पुऱ्याएको थियो । भ्रष्टाचारमुद्दामा कैद कट्टाको सुविधा समेत नहुने भएकाले उनी ९ महिना नै कैद बस्नुपर्ने हुन्छ ।

*(स्रोतः अनलाइनखबर)*

# 'ह्रस्व दीर्घ' पोस्टरमा 'एंग्री योङम्यान'को लुक्समा हरिहर

काठमाडौं/संविधान दिवसको अवसर पारेर आगामी असोज ३ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'ह्रस्व दीर्घ'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । जसमा फिल्मका मुख्य अभिनेता हरिहर अधिकारी 'एंग्री योङम्यान'को लुक्समा देखिएका छन् । कुर्सीमा बसेर एउटा हातमा तात्तातो चियाको गिलास समातेका उनको शरीर रगताम्मे छ । यसले फिल्ममा उनको चरित्र हिंसात्मक रहेको संकेत गर्छ ।




हरिहरसँगै पोस्टरमा प्रशान्त ताम्राकार, 'गजनी' भिलेन प्रदीप रावत, 'पुष्पा' भिलेन सुनिल वर्मा र साउथ अभिनेता कबीर दुहन सिंह पनि चित्रित छन् । उनीहरुको आँखामा रिसको ज्वाला देखिन्छ । सुनिलको लुक्सले 'पुष्पा'कै झल्को दिन्छ । प्रदीप भने निधारमा तिलक र घाँटीमा रुद्राक्षको माला लगाएर पण्डितझैँ देखिएका छन् । फिल्ममा साउथबाट ब्रम्हानन्दम र अलीको पनि अभिनय छ ।

चन्द्र पन्तको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा नीता ढुंगाना, सञ्चिता लुइँटेल, विपना थापा, सरोज खनाल, किरण केसी, बुद्धि तामाङ, गरिमा शर्मा, रवीन्द्र झा, नरेन खड्का, आदर्श मिश्र आदिको पनि अभिनय छ । यो फिल्मबाट विपनाले करिब १३ वर्षपछि कमब्याक गरेकी हुन् । नीता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको 'ह्रस्व दीर्घ'को कार्यकारी निर्मातामा धनन्जय गलानी रहेका छन् ।

हरिहर अधिकारीको कथा एवं प्रतिक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद रहेको फिल्मलाई बलिउड छायाँकार कवीरलालले खिचेका हुन् । उनले 'वेलकम ब्याक', 'परदेश', 'दिल आपके पास है' जस्ता थुप्रै हिन्दी फिल्म खिचेका छन् ।

नेपाली, तेलुगु र हिन्दी गरी तीन भाषामा रिलिज हुने यो फिल्मलाई मनोज राठी र उज्वल पौडेलको व्याङ्कटेस इन्टरटेनमेन्ट वितरण गर्दैछ ।

# बागमती नदीमा वर्षा र अमरले गरे र्‍याफ्टिङ

काठमाडौं/यही साउन १८ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोदीबेनी'का दुई प्रमुख कलाकार वर्षा सिवाकोटी र अमर प्रताप श्रेष्ठले प्रचारका लागि कुनै प्रयास छाडेका छैनन् । केही दिनअघि ऐतिहासिक 'पशुपति कोटिहोम महायज्ञ'मा सहभागी भएर फिल्म सफलताको आशीर्वाद मागेका थिए । शनिबार भने यो जोडीले बागमती नदीमा र्‍याफ्टिङ गर्दै फिल्मको प्रचार गऱ्यो ।



नेपाल नदी संरक्षण संस्था, फ्रेन्ड्स क्लब तथा बागमती सफाइ महाअभियानको संयुक्त सहकार्यमा 'बागमती नदी महोत्सव महाजल जात्रा' अन्तर्गत र्‍याफ्टिङको शनिबार शुभारम्भ गरिएको थियो । सोही अवसरमा थापाथलीबाट चोभारसम्म वर्षा र अमरले र्‍याफ्टिङ गरेका थिए । वर्षाले नदी संरक्षणमा राज्यको दायित्व हुनुपर्ने बताइन् । त्यस्तै, अमरले यो अभियानलाई सफल बनाउनुपर्ने बताए ।

बागमती सभ्यतालाई बचाउन नागरिकलाई जनचेतना जगाउने उद्देश्यले हरेक वर्ष बागमतीमा र्‍याफ्टिङको आयोजना हुने गरेको छ । आइतबारदेखि थापाथली पुलदेखि चोभारसम्म सर्वसाधारणले पनि र्‍याफ्टिङ गर्न पाउनेछन् । यसको लागि विद्यार्थीलाई पाँच सय र अन्यलाई नौ सय रुपैयाँ मूल्य तोकिएको छ । यसले विदेशी पर्यटकलाई पनि लोभ्याउने सामाजिक अभियन्ता चक्र चन्दले बताए ।

शङ्कर कोइरालाको निर्देशनमा तयार भएको फिल्ममा वर्षा र अमरसहित सरोज खनाल, प्रवीण खतिवडा, रेजिना उप्रेती, हिउँवाला गौतम, दीलिप केसी, जीवन भट्टराई, कमलमणि नेपाल, स्नेहा भट्टराई, सुब्रतराज आचार्य लगायतको अभिनय छ । फिल्ममा दीलिप केसी निर्माता र हरि श्रेष्ठ सह-निर्माता छन् । आनन्द विक्रम क्षेत्रीको लेखन रहेको फिल्मलाई उत्सव दाहालले छायांकन गरेका हुन् ।

# अबदेखि उट्पट्याङ गाउँदिनँ, म सुध्रिएँ : दुर्गेश थापा

काठमाडौं/मोडल दुर्गेश थापा भिन्न शैलीको गायनले चर्चित छन् । गीत र अभिव्यक्तिले उनी बेलाबेलामा चर्चामा आइरहन्छन् । 'एडल्ट' टाइपको शब्द र शैलीले गर्दा उनका गीत सबै उमेर समूहका लागि सुपाच्य नहुन पनि सक्लान् ।



तर उनले यतिबेला आफू सुएिको घोषणा सार्वजनिक रुपमै गरेका छन् । आइतबार आयोजित 'झुम्का हरायो' बोलको गीत सार्वजनिक गर्न आयोजित समारोहमा दुर्गेशले अब सबै मान्छेले सुन्ने र हेर्ने टाइपको गीत बनाउने बताए ।

'उमेर पनि बढ्दै गएर होला, अब चाहिं सबै मान्छेले सुन्ने र सबै मान्छेको अगाडि हेर्ने टाइपको बनाउनुपर्छ भन्ने मेरो दिमागमा बस्यो । दुर्गेश बिग्रेर होइन, सुएिर आउँदैछ,' उनले भने । दुर्गेशले यो तीजमा 'बिच्च बिच्चमा ७' ल्याउने समेत बताए ।

उक्त पत्रकार सम्मेलनमा उनलाई तपाईंले छवि चेन्ज गर्न खोज्नुभएको हो ? भनेर समेत सोधिएको थियो । जवाफमा उनले बढ्दो उमेर र साथीभाइको संगतले गर्दा आफूमा परिवर्तन आएको बताए । 'छवि चेन्ज भन्दा पनि परिवर्तन अटोमेटिक हुने रहेछ । साथी सर्कलले हुने रहेछ,' उनले भने, 'पहिला-पहिला उट्पट्याङ गीतहरु हुन्थे । कतै सुन्न नमिल्ने पनि हुन्थे । अबदेखि राम्रा गीत मात्र गाउने सोचेको छु ।'

दुर्गेशले बोल्दै गर्दा मोडल गरिमा शर्माले माइक तान्दै भनिन्, 'दुर्गेश दाइको छोराले पनि गीत बुझ्ने उमेर भइसक्यो त्यही भएर दाइ चेन्ज हुँदै हुनुहुन्छ है ।'

# श्रीलंकाले पहिलोपटक जित्यो वुमन एसिया कपको उपाधि

काठमाडौं/हर्षिता मदाभीको उत्कृष्ट प्रदर्शनसँगै श्रीलंकाले वुमन एसिया कपको उपाधि जितेको छ । पहिलो पटक उपाधि जित्ने क्रममा श्रीलंकाले सात पटकको च्याम्पियन भारतलाई ८ विकेटले हराएको हो । बलियो भारतले दिएको १६६ रनको लक्ष्य श्रीलंकाले १८.४ ओभरमा मात्र २ विकेट गुमाएर भेटायो ।

पहिलो विकेट भने सस्तैमा गुमाएको थियो । ओपनर भिश्मी गुणरत्ने मात्र १ रनमा आउट भएकी थिइन्, जतिबेला टिमको स्कोर मात्र ७ रन दियो । तर कप्तान चमारी अथापथ्थु रहर्षिताले पारी सम्हाले ।

दुवैले दोस्रो विकेटका लागि ८७ रनको साझेदारी गरे । १२औं ओभरको अन्तिम बलमा कप्तान चमारी ६१ रनमा आउट हुँदा श्रीलंकाको स्कोर ९४ रन थियो ।

हर्षिताले जिम्मेवारी सम्हालिन् । उनले कभिशा भिलहारीसँग मिलेर श्रीलंकालाई जिताइन् । हर्षिता ६९ र ३० रनमा अविजित रहिन् । ५१ बलको सामना गरेकी हर्षिताले ६ चौका र २ छक्का हानेकी थिइन् ।

यसअघि दाम्बुलामा टस जितेर पहिले ब्याटिङ गरेको भारतले स्मृति मान्धानाको ६० रनको मद्दतमा निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १६५ रन बनाएको थियो ।

# प्रतिपक्षी कार्यक्रम तयार पार्दै माओवादी केन्द्र

काठमाडौं/प्रतिनिधि सभाका ठूला दलहरु नेपाली कांग्रेस र नेकपा एमालेले सत्ता साझेदारी गरेपछि प्रमुख प्रतिपक्षी भूमिकामा धकेलिएको माओवादी केन्द्र यतिबेला पार्टी कार्यक्रम तयार पार्न जुटेको छ । प्रमुख प्रतिपक्षी दलका रुपमा पार्टीले गर्ने कार्यक्रम तयार पार्न अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेताहरुसँग औपचारिक तथा अनौपचारिक सम्वाद गरिरहेका छन् ।

'यतिबेला हाम्रो मुख्य ध्यान पार्टीलाई नयाँ कार्यक्रम सहित जनतामा लैजानेमा केन्द्रित छ', पार्टी सचिव लीलामणि पोखरेलले भने, 'अहिले भइरहेको छलफल र बैठकहरु त्यसैका निम्ति हो ।' केन्द्रीय मुख्यालय पेरिसडाडाँमा चलिरहेको पदाधिकारी बैठकको मुख्य उद्देश्य नै कमजोरीहरुको समीक्षा गरेर नयाँ कार्यक्रम तयार पार्नु रहेको पोखरेलले बताए । 'कहाँ कमजोरी भयो, कसरी सुधारेर जान सकिन्छ भन्नेबारे गम्भीर समीक्षा गर्छौं । पदाधिकारीहरुले कुरा राखिसक्दा एउटा निष्कर्षमा पुग्छौं', उनले भने ।

बलियो र सशक्त प्रतिपक्षी भूमिका तयार पार्नकै निम्ति पदाधिकारीलाई खुलेर कुरा राख्न दिइएको नेताहरुले बताएका छन् । 'सीमारहित छलफल चलिरहेको छ । जसले जति समय लिन मन लाग्छ, उति बोल्ने भन्ने छ', प्रवक्ता एवं उपाध्यक्ष अग्नि सापकोटाले भने ।

पार्टीबाट विगतमा भएका कमजोरी, सरकारमा हुँदा गरेका राम्रा कामहरुको विवरण र नयाँ कार्यक्रमबारे पदाधिकारीहरुले विस्तृतमा कुरा राख्ने भनेरै पदाधिकारी बैठक लम्बिरहेको छ । जसले जति पनि समय लिने भन्ने छुट पाएकैले शुक्रबारबाट सुरु भएको पदाधिकारी बैठकमा आइतबारसम्म आधा पदाधिकारी मात्र बोलेका छन् ।

(अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७००००९८ | एसिस रिजाल | कालिकाटार-२, मकवानपुर |

# मुख्यमन्त्री लामाले १५ साउनमा विश्वासको मत लिने

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले मुख्यमन्त्री नियुक्त भएको ६ दिनमै विश्वासको मत लिने तयारी गरेका छन् ।




१५ साउनमा विश्वासको मत लिन उनले प्रदेश सभा सचिवालयलाई पत्राचार गरेका छन् । उनले १२ साउन अर्थात् शनिवार मात्रै सरकारलाई पूर्णता दिए । मुख्यमन्त्री कार्यालयसहित १३ मन्त्रालय रहेकोमा उनले एक एक मन्त्री बढाएर मन्त्रिपरिषद्लाई १४ सदस्यीय बनाए । मदुकुमार श्रेष्ठ विना विभागीय मन्त्री छन् ।

कांग्रेसभित्र मन्त्रीका आकांक्षी धेरै भएकाले मन्त्री थप गर्नुपरेको उनको भनाई छ । सरकार विस्तारका क्रममा कांग्रेसमा विवाद भएको थियो । कांग्रेसभित्र अझै विवाद समाधान भइनसकेको नेताहरु बताउँछन् । यस्तो बेला उनले छिट्टै विश्वासको मत लिने तयारी गरेका हुन् ।

११० सदस्यीय प्रदेश सभामा सत्तारुढ दल नेपाली कांग्रेसका ३७, नेकपा एमालेका २७ सांसद छन् । सरकार टिकाउन ५६ सांसदको समर्थन आवश्यक रहेको लामासँग कांग्रेस र एमालेका मात्रै ६४ सांसदको समर्थन रहेको छ । विपक्षी दल माओवादी केन्द्रको २१, राप्रपाको १२ (सभामुख बाहेक), नेकपा (एकीकृत समाजवादी) को ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ सांसद छन् । यी पार्टीले लामालाई विश्वासको मत दिने वा नदिने बारे कुनै निर्णय गरिसकेका छैनन् ।

नेपाली कांग्रेस र एमालेको समर्थनमा ९ साउनमा मुख्यमन्त्री नियुक्त भएका लामाले नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेश सभा नियमावली २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम विश्वासको मत लिनका लागि प्रस्ताव पेश गर्ने भएको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ । मुख्यमन्त्री लामाले विश्वासको मत लिने प्रयोजनका लागि पत्राचार गरेपछि प्रदेश सभाका सभामुख भुवनकुमार पाठकले १५ साउन दिउस ३ बजेका लागि बैठक आह्वान गरेका छन् ।

लामा बागमती प्रदेशको साढे ६ वर्षमा पाँचौं मुख्यमन्त्री र प्रदेश सभाको दोस्रो कार्यकालको दोस्रो मुख्यमन्त्री हुन् । यसअघि नेकपा माओवादी केन्द्रका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले केन्द्रीय राजनीतिक समिकरण फेरबदल भइरहेका कारण तीन पटकसम्म विश्वासको मत लिएका थिए । उनले पहिलोपटकमा १०५ जना सांसद, दोस्रो पटकमा ६७ जना सांसद र तेस्रो पटक ५६ जना सांसदको विश्वासको मत पाएका थिए । प्रदेशको साँढे ६ वर्षमा निरन्तर सत्तामा रहेका उनी अब प्रमुख प्रतिपक्षीको कित्तामा पुगे ।

२०७९ मंसिरमा भएको चुनावलगत्तै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एमालेसँग तालमेलमा नयाँ सरकार बनाएसँगै बागमतीमा जम्कट्टेल २५ पुस २०७९ मा मुख्यमन्त्री नियुक्त भएका थिए । उनले १८ महिना सरकार चलाएर अल्पमतमा परेपछि ६ साउनमा राजीनामा दिएका हुन् ।

### मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा शाह

मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख राजनीतिक सल्लाहकारमा विनोद शाह नियुक्त भएका छन् । आइतबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले नुवाकोटका शाहलाई मुख्यमन्त्री लामाको प्रमुख राजनीतिक सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको हो ।

उनलाई प्रदेश सुशासन ऐन २०७७ को दफा ३.५ बमोजिम मुख्यमन्त्री लामाको प्रमुख राजनीतिक सल्लाहकार नियुक्त गर्ने निर्णय भएको आन्तरिक मामिला तथा कानुन मन्त्री सुरज चन्द्र लामिछानेले जानकारी दिए । शाह नुवाकोटको तादी गाउँपालिका-२ का हुन् । उनलाई प्रदेश सुशासन नियमावली २०७७ को नियम २ बमोजिम राजनीतिक सल्लाहकारको पारिश्रमिक र काम कर्तव्य र अधिकार स्वीकृत गर्ने निर्णय गरेको मन्त्री लामिछानेले बताए ।

प्रमुख राजनीतिक सल्लाहकार शाह कांग्रेस प्रवक्ता प्रकाशशरण महत निकट रहेका छन् । अधिवक्ता शाह कांग्रेसको पूर्व महाधिवेशन प्रतिनिधि सदस्य हुन् । उनी नेविसंघ नेपाल ल क्याम्पसका इकाई सभापति हुँदै राजनीतिमा होमिएका उनी नेविसंघको उपाध्यक्षको प्रत्यासी थिए ।

# सिमभन्ज्याङमा ३५ फिट अग्लो राष्ट्रिय झण्डा

साझाकुरा संवाददाता

हेटौंडा, १३ साउन/ मकवानपुरको उत्तरी क्षेत्रमा पर्ने थाहा नगरपालिका वडा नम्बर ४ स्थित सिमभन्ज्याङमा ३५ फिट अग्लो नेपालको राष्ट्रिय झण्डा तोलन गरिएको छ ।



जिल्लाको हेटौंडा उपमहानगरपालिका १० नम्बर वडा निवासी दिनेश डंगोलले आफ्ना हजुरबुबा, हजुरआमा, मातापिताको नाममा झण्डा तोलन गरेका हुन् । कार्यक्रम ऋषेश्वर टोल विकास संस्थाका अध्यक्ष देवेन्द्र थोकरको सभाध्यक्षता एवम् थाहा नगरप्रमुख विष्णु बिष्टको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा थाहा नगरका उपप्रमुख भरत गोपाली, ४ नम्बर वडाध्यक्ष नारायण लामा, थाहा नगरका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, रोजगार संयोजक कुमार नेगी, नेकपा एमाले नगर अध्यक्ष सुरेन्द्र मान प्रधान, माओवादी केन्द्रका नगर अध्यक्ष बिनोदकुमार लामा, झण्डोत्तोलन योजनाकार दिनेश डंगोल लगायतकाको आतिथ्यता थियो । डंगोलले गत आर्थिक वर्षमा पनि हेटौंडा वडा नम्बर-१० स्थित, हेटौंडा बसपार्कमा झण्डोत्तोलन कार्यक्रम गरेका थिए ।

# गणपूरक संख्या नपुगेपछि संसदको कार्यसूची प्रभावित

काठमाडौं, १३ साउन/ गणपूरक संख्या नपुगेपछि प्रतिनिधि सभाको कार्यसूचीमा रहेको विषयमाथिको प्रक्रिया स्थगित हुन पुगेको छ । आइतबार प्रतिनिधि सभामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले राष्ट्रिय सभामा उत्पत्ति भएको 'शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथी विचार गरियोस्' प्रस्ताव प्रस्तुत गरेकी थिइन् । उक्त विधेयकमाथि सांसदहरुले सैद्धान्तिक छलफलमा भाग लिए । त्यसपछि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा गणपूरक संख्या पुगेन ।

सभामुख देवराज घिमिरेले विधेयकमाथि बिचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गरेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारले गणपूरक संख्या यकिन गर्न माग गरे । त्यसपछि तीन मिनेट घण्टी बजाएर गणना गर्दा प्रतिनिधि सभामा ६७ जना सांसद मात्रै उपस्थिति रहेको थाहा लाग्यो ।

२७५ सदस्यीय प्रतिनिधि सभामा कुनै पनि प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्न एक चौथाइ सांसद ६९ जना उपस्थित हुनुपर्ने संवैधानिक व्यवस्था छ । ६७ जना मात्रै उपस्थित रहेको यकिन भएपछि सभामुख घिमिरेले विधेयकमाथि बिचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ पेश गर्ने विषयलाई कार्यसूचीबाटै हटाइदिए ।

## डेंगीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- ☞ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- ☞ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- ☞ पानी राखेको भाँडालाई छोपेर राखौं ।
- ☞ लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।
- ☞ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- ☞ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔ ।
- ☞ सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- ☞ कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- ☞ एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समय समयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## शिक्षक आवश्यकता

*दोस्रो प्रकाशित मिति : २०८१/०४/१४*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाको मिति २०८१/०१/२६ को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्स्थपन समितिको मिति २०८१/०१/२९ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपशिल बमोजिमको शिक्षकहरु आवश्यक परेकोले उक्त पदपूर्तिको लागि मिति २०८१/०४/१२ मा लिएको परिक्षामा कुनैपनि उम्मेदवार सफल नभएकोले योग्य इच्छुक नेपाली नागरिकबाट दोस्रो पटक पुन: दरखास्त आह्वानका लागि (७ दिने) विज्ञापन प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | विषय | संख्या | अध्ययन विषय |
|---|---|---|---|---|---|---|
| १ | ००१/०८१/०८२ | नि.मा.वि. | राहत | अंग्रेजी | १ | अंग्रेजी |

२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३. शैक्षिक योग्यता: सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।
४. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधित नयाँ पाठ्यक्रअनुसार)
५. तलब भत्ता : नेपाल सरकारको राहत कोटाको लागि ताकिएको बमोजिम
६. दरखास्त दस्तुर : नगद रु १,५००।- (एक हजार पाँच सय मात्र) निवेदन साथ
७. दरखास्त दिने अन्तिम दिन : २०८१/०४/२० गते विद्यालय समय भित्र
८. दरखास्त दिने स्थान: विद्यालयको प्रशासनिक कक्ष
९.सम्पर्क मिति : २०८१/०४/२० गते अपरान्ह ४:०० बजेपछि
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ
११. आवश्यक कागजातहरु:
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन १ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ थान
ग) SLC/SEE देखि माथिको शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि २/२ थान
घ) निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ थान
नोट: क. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा भएका उम्मेदवारहरुले विज्ञापन भएको मितिले ७ दिनभित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
ख. माथिल्लो योग्यता भएको, ICT मा दक्ष भएको एवम् अनुभवी व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

**श्री बाल उज्ज्वल माध्यमिक विद्यालय**
हेउमनपा-३, लेवट, मकवानपुर
**सम्पर्क नं.:** ९८५५०७०९४४ (प्र.अ.), ९८५५०७४३१५ (वि.व्य.स. अध्यक्ष) ९८४५२९४७५२ (वडा प्रतिनिधि)

**हाम्रो सुमो सेवाको**



नयाँ प्रस्तुति...

Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा | हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पऱ्यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhababhini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**बाखा विकास फार्म**
चित्लाङ्ग, मकवानपुर, नेपाल ।

## बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

*(प्रकाशित मिति: २०८१/४/१४)*

यस कार्यालयको मिति २०८१/२/२० गतेको विद्युतीय बोल-पत्र माध्यमद्वारा प्रकाशित सूचना नं GDF/NCB/Goods/1/2081–082 बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैमा जानकारिको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**:

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | GDF/NCB/GOODS/ 1/2081–082 | शुद्ध चोकर, बाखाको मिश्रित दाना, गाईको लागि मिश्रित DDC दाना, B2 plate दाना, ढुवानी गरि आपूर्ति गर्ने | दाजुभाई सप्लायर्स, हेटौंडा उप-महानगरपालिका-१६, मकवानपुर | रु. ४३,५८,५००।- (त्रिचालिस लाख अन्नठाउन्न हजार पाँच सय मात्र) |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना